# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०२) पोखरा, पुस २४ गते, २०७६ साल (संख्या ०४



## भाग २

### प्रदेश सरकार

## भौतिक पूर्वाधार विकास मन्त्रालयको सूचना

<u>सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली, २०७६</u>

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली, २०७६" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "एक तह माथिको अधिकारी" भन्नाले सरकारी निकायतर्फ कार्यालय प्रमुखको हकमा विभागीय प्रमुख र त्यस्तो विभागीय प्रमुख नभएमा सम्बन्धित मन्त्रालयको सचिव, विभागीय प्रमुखको हकमा सम्बन्धित मन्त्रालयको सचिव र सचिवको हकमा सम्बन्धित विभागीय मन्त्री वा राज्यमन्त्री, प्रदेश सभाको सचिवको हकमा सभामुख, मुख्य न्यायाधिवक्ताको कार्यालयको प्रशासनिक प्रमुखको हकमा मुख्य न्यायाधिवक्ता, लोक सेवा आयोगको सचिवको हकमा लोक सेवा आयोगको अध्यक्ष, प्रदेश नीति तथा योजना आयोगको सचिवको हकमा आयोगको उपाध्यक्ष र अन्य सार्वजनिक निकायको हकमा खरिद गर्ने निकाय भन्दा एक तह माथिको निकाय भए त्यस्तो निकायको प्रमुख र त्यस्तो निकाय नभएको अवस्थामा त्यस्तो निकायको सञ्चालक समिति वा त्यस्तै अन्य निकाय समेतलाई जनाउँछ।

(ख) "ऐन" भन्नाले सार्वजनिक खरिद ऐन, २०६३ सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारका मन्त्रालय सम्झनु पर्छ र सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतलाई जनाउँछ।

(घ) "विभागीय प्रमुख" भन्नाले गण्डकी प्रदेश सरकार अन्तर्गतको कम्तीमा एघारौं तह वा सो सरहको दरबन्दी रहेको निर्देशनालय वा सो सरहको अन्य कार्यालयको प्रमुखको रुपमा काम गर्ने पदाधिकारी सम्झनु पर्छ।

(ङ) "सचिव" भन्नाले गण्डकी प्रदेश सरकारको प्रमुख सचिव र सम्बन्धित मन्त्रालयको प्रदेश सचिव सम्झनु पर्छ र सो शब्दले सचिव सरहको कार्य सम्पादन गर्ने नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीको अन्य अधिकृत समेतलाई जनाउँछ।

३. नर्म्स सम्बन्धी विशेष व्यवस्था : सार्वजनिक निकायले निर्माण कार्य र परामर्श सेवाको लागत अनुमान तयार गर्दा प्रदेश सरकारबाट नर्म्स स्वीकृत नभएसम्म सोही

प्रकृतिको काम सम्पादन गर्ने संघीय सरकारको मन्त्रालय, विभाग वा निकायबाट स्वीकृत नर्म्सका आधारमा तयार गर्नु पर्नेछ।

४. लागत अनुमान स्वीकृति : (१) निर्माण कार्य, मालसामान वा अन्य सेवाको लागत अनुमान देहायको अधिकारीबाट स्वीकृत हुनु पर्नेछ :-

(क) एक करोड रुपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित तृतीय श्रेणीको वा अधिकृतस्तर सातौं वा आठौं तहको कार्यालय प्रमुखबाट,

(ख) पाँच करोड रुपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित द्वितीय श्रेणीको वा अधिकृतस्तर नवौं वा दशौं तहको कार्यालय प्रमुखबाट,

(ग) दश करोड रुपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित प्रथम श्रेणीको वा अधिकृतस्तर एघारौं तहको विभागीय प्रमुखबाट,

(घ) दश करोड रुपैयाँभन्दा बढीको लागत अनुमान सम्बन्धित मन्त्रालयको सचिवबाट।

(२) परामर्श सेवाको लागत अनुमान देहायको अधिकारीबाट स्वीकृत हुनु पर्नेछ :-

(क) दश लाख रुपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित तृतीय श्रेणीको वा अधिकृतस्तर सातौं वा आठौं तहको कार्यालय प्रमुखबाट,

(ख) पच्चिस लाख रुपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित द्वितीय श्रेणीको वा अधिकृतस्तर नवौं वा दशौं तहको कार्यालय प्रमुखबाट,

(ग) पचास लाख रुपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित प्रथम श्रेणीको वा अधिकृतस्तर एघारौं तहको विभागीय प्रमुखबाट,

(घ) पचास लाख रुपैयाँभन्दा बढीको लागत अनुमान सम्बन्धित मन्त्रालयको सचिवबाट।

(३) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालय, सचिवालय, आयोग वा प्रदेश स्तरका अन्य कार्यालयको प्रमुख भई काम गर्ने सचिव वा सो सरहको अधिकृतले आफ्नो कार्यालयका लागि गरिने खरिदको जतिसुकै रकमको लागत अनुमान स्वीकृत गर्न सक्नेछ।

(४) सार्वजनिक निकायको प्रमुखले आफूले यस नियम बमोजिम लागत अनुमान स्वीकृत गर्न नमिल्ने भएमा एक तह माथिको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ।

५. <u>बोलपत्र स्वीकृत गर्ने अधिकारी</u> : (१) देहायको रकमको बोलपत्र स्वीकृत गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछ :-

(क) तीन करोड रुपैयाँसम्मको राजपत्राङ्कित तृतीय श्रेणीको वा अधिकृतस्तर सातौं वा आठौं तहको कार्यालय प्रमुख,

(ख) सात करोड रुपैयाँसम्मको राजपत्राङ्कित द्वितीय श्रेणीको वा अधिकृतस्तर नवौं वा दशौं तहको कार्यालय प्रमुख,

(ग) पन्ध्र करोड रुपैयाँसम्मको राजपत्राङ्कित प्रथम श्रेणीको वा अधिकृतस्तर एघारौं तहको कार्यालय प्रमुख,

(घ) पन्ध्र करोड रुपैयाँभन्दा बढीको सम्बन्धित मन्त्रालयको सचिव।

(२) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालय, सचिवालय, आयोग वा प्रदेश स्तरका अन्य कार्यालयको प्रमुख भई काम गर्ने सचिव वा सो सरहको अधिकृतले आफ्नो कार्यालयका लागि गरिने खरिदको जतिसुकै रकमको बोलपत्र स्वीकृत गर्न सक्नेछ ।

(३) कुनै सार्वजनिक निकायको प्रमुखले उपनियम (१) बमोजिम बोलपत्र आफैंले स्वीकृत गर्न नमिल्ने भएमा एक तह माथिको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ।

६. <u>परामर्श सेवा सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने अधिकारी</u> : (१) देहायको परामर्श सेवा सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछ :-

(क) दश लाख रुपैयाँसम्मको राजपत्राङ्कित तृतीय श्रेणीको वा अधिकृतस्तर सातौं वा आठौं तहको कार्यालय प्रमुख,

(ख) पचास लाख रुपैयाँसम्मको राजपत्राङ्कित द्वितीय श्रेणीको वा अधिकृतस्तर नवौं वा दशौं तहको कार्यालय प्रमुख,

(ग) तीन करोड रुपैयाँसम्मको राजपत्राङ्कित प्रथम श्रेणीको वा अधिकृतस्तर एघारौं तहको कार्यालय प्रमुख,

(घ) तीन करोड रुपैयाँभन्दा बढीको सम्बन्धित मन्त्रालयको सचिव।

(२) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालय, सचिवालय, आयोग वा प्रदेश स्तरका अन्य कार्यालयको प्रमुख भई काम गर्ने सचिव वा सो सरहको अधिकृतले आफ्नो कार्यालयका लागि गरिने खरिदको जतिसुकै रकमको प्रस्ताव स्वीकृत गर्न सक्नेछ।

(३) कुनै सार्वजनिक निकायको प्रमुखले उपनियम (१) बमोजिम परामर्श सेवा सम्बन्धी प्रस्ताव स्वीकृत गर्न नमिल्ने भएमा एक तह माथिको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ।

७. सोझै खरिद गर्ने सम्बन्धी व्यवस्था : (१) सार्वजनिक निकायले सोझै खरिद गर्नुपर्दा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा उल्लेख भए बमोजिमको व्यवस्था पालना गर्नु पर्नेछ ।

(२) ऐनको दफा ४१ को उपदफा (१) को खण्ड (ख), (ङ) र (च) बमोजिम खरिद गर्दा ऐनको दफा २ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमको प्रदेश सरकारका मन्त्रालय, सचिवालय, आयोग, विभाग, निर्देशनालय वा सो अन्तर्गतका अन्य जुनसुकै सरकारी निकाय वा कार्यालयको हकमा देहाय बमोजिमको समितिको सिफारिसको आधारमा प्रदेश सरकार, मन्त्रिपरिषद्बाट निर्णय भए बमोजिम खरिद गर्नु पर्नेछ र अन्य सार्वजनिक निकायको हकमा सो निकायको सर्वोच्च कार्यकारी निकायबाट निर्णय भए बमोजिम खरिद गर्नु पर्नेछ :-

(क) प्रमुख सचिव -संयोजक
(ख) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य
(ग) सचिव, सम्बन्धित मन्त्रालय -सदस्य
(घ) प्रमुख, प्रदेश लेखा नियन्त्रक कार्यालय -सदस्य

८. भेरिएसन आदेश : (१) सार्वजनिक निकायले भेरिएसन आदेश जारी गर्नुपर्दा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा उल्लेख भए बमोजिमको व्यवस्था पालना गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम भेरिएसन आदेश जारी गर्दा देहाय बमोजिमको अधिकारीले देहाय बमोजिम भेरिएसन आदेश जारी गर्न सक्नेछः-

(क) पाँच प्रतिशतसम्मको भेरिएसन सम्बन्धित सार्वजनिक निकायको राजपत्राङ्कित द्वितीय श्रेणीको वा अधिकृतस्तर नवौं वा दशौं तहको प्रमुखले,
(ख) दश प्रतिशतसम्मको भेरिएसन सम्बन्धित सार्वजनिक निकायको राजपत्राङ्कित प्रथम श्रेणीको वा अधिकृतस्तर एघारौं तहको प्रमुखले,
(ग) पन्ध्र प्रतिशतसम्मको भेरिएसन सम्बन्धित मन्त्रालयको सचिवले,
(घ) पन्ध्र प्रतिशतदेखि माथिको भेरिएसन ऐनको दफा २ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमको सार्वजनिक निकायको हकमा प्रदेश सरकार मन्त्रिपरिषद्ले ।

९. <u>खरिद सम्झौताको अवधि थप गर्न सक्ने</u> : (१) खरिद सम्झौताको अवधि थप गर्ने सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

(२) संवत् २०७६ साल जेष्ठ २३ गते अघि खरिद सम्झौता भई कार्य सम्पन्न हुन नसकेका खरिद सम्झौताको हकमा प्रचलित कानून बमोजिम सम्बन्धित मन्त्रालयको सचिवले म्याद थप गर्न सक्नेछ।

**आज्ञाले**
**ईश्वर चन्द्र मरहट्टा**
**प्रदेश सरकारको सचिव**

**मुद्रक :** आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश सरकार, गण्डकी प्रदेश । मूल्य रु १०।-